नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय,काठमाण्डौ क्षेत्र नं.१

करदाता सेवा कार्यालय, नयाँ बानेश्वर

काठमाण्डौ

☎४४८३६७२
☎४४८४६७१
☎४४८५५४३

प.सं.:-२०७०/०७१
च.नं. १८५८

मिति :२०७०।०७।०६

आयकर छुट हुने संस्था दर्ताको प्रमाण-पत्र

आयकर ऐन, २०५८ को दफा २ (ध) को प्रयोजनको लागि देहायको निकाय/संघ/संस्थालाई मिति २०७०।०७।०५ गतेको निर्णयानुसार **सि.नं. ६ मा उल्लेखित रकमहरूमा मात्र** देहायका शर्तहरूको अधिनमा रही आयकर छुट हुने संस्थाको रूपमा दर्ता गरि प्रमाणपत्र दिईएको छ ।

१. निकाय/संघ/संस्थाको नाम: **श्री कुईभिर सेवा समाज**
२. ठेगाना: **का.म.न.पा. वडा नं. ३४, मिनभवन, काठमाण्डौं ।**
३. उद्देश्य: (क) **सामाजिक सेवा**
४. स्थायी लेखा नम्वर: **३०२९६०२१९**
५. क्रियाकलाप संचालन गर्ने स्थान: **नेपाल राज्यभर ।**
६. आयकर छुट हुने रकमहरू: (आयकर ऐन २०५८ को दफा १० (छ)

(क) चन्दा उपहार

(ख) आयकर ऐन, २०५८ को दफा २ को खण्ड "ध" बमोजिमको छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आश नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित अन्य योगदानहरू ।

कर छुट पाउने संस्थाले पालना गर्नुपर्ने शर्तहरू

- कर छुट प्राप्त गर्ने संस्थाले प्राप्त गरेको भुक्तानीमा आयकर ऐन, २०५८ को परिच्छेद १७ अनुसार भुक्तानी दिने निकायले अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानी भए कर कट्टी गर्नुपर्ने र यसरी अग्रिम कर कट्टी भएको रकमको आयमा कर लाग्ने नदेखिएमा कर फिर्ता माग गर्नुपर्ने ।
- करयोग्य कारोवार गर्ने व्यक्ति तथा संस्थासंग प्रतिस्पर्धा गरी प्राप्त गरेको अनुदानलाई कर छुटको रूपमा मान्यता नदिईने ।
- नविकरणको लागि सिफारीसको माग गर्दा संस्थाको विगत आर्थीक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण अनिवार्य रूपमा पेश गर्नुपर्ने ।
- कर छुट प्रमाणपत्र प्राप्त गरेको संस्थाले आफ्नो विधानमा उल्लेख भएको उद्देश्य विपरित कार्य गर्न नपाउने ।
- कर छुट हुने संस्थाको क्रियाकलाप/कारोवारको लेखा परिक्षण भएको वार्षिक वित्तीय विवरण अनिवार्य रूपमा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र सम्बन्धित करदाता सेवा कार्यालयमा पेश गर्नुपर्दछ । यस्तो विवरण पेश नगर्ने निकायले त्यस्तो विवरण पेश नगरेसम्म कर छुट पाउने छैन ।
- कर छुट प्राप्त संस्थाको लेखा परीक्षण गर्ने लेखा परीक्षकले आफ्नो प्रतिवेदनमा आयकर ऐन, २०५८ को परिच्छेद १७ अनुसार अग्रिम कर कट्टी गरेको र संस्थाको उद्देश्य अनुसारको मात्र कार्य गरेको वा नगरेको विषयमा उल्लेख गर्नुपर्ने ।
- कर छुट प्राप्त संस्थाले हरेक वर्ष बित्तीय विवरण बुझाएको (कर चुक्ता) प्रमाणपत्र लिनुपर्ने ।
- कर छुट पाएको कुनै संस्थाले आफ्नो सम्पत्ति र आफुले प्राप्त गरेको रकमबाट कुनै व्यक्ति विशेषलाई व्यक्तिगत फाइदा पु-याएको हुनु हुदैन । त्यसरी फाइदा पु-याएको भए कर छुट पाउने संस्थाको हैसियत रहन्न ।

२०७०।०८।१४

कर अधिकृत

कर अधिकृत